# कालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

धैबुङ, रसुवा
बागमती प्रदेश, नेपाल

फोनः ९८५११८५०१६
Email: info@kalikamunrasuwa.gov.np
Website: kalikamunrasuwa.gov.np


प.सं. : ०८२/८३(शिक्षा शाखा)
च.नं. :

मितिः २०८२/०९/०१

**विषयः विषयविज्ञ सूचीमा सूचीकृत हुन निवेदन पेश गर्ने सम्वन्धी सूचना**

(प्रकाशित मिति २०८२/०९/०१)

प्रस्तुत विषयमा यस कालिका गाउँपालिका अन्तर्गत सञ्चालित विभिन्न सामुदायिक विद्यालयहरुमा अस्थायी तथा करारमा शिक्षक नियुक्तिका लागि सिफारिस गर्न सञ्चालन हुने विभिन्न तहका प्रतियोगितात्मक परीक्षाको प्रश्नपत्र निर्माण, परिमार्जन तथा उत्तरपुस्तिका परीक्षण गर्न शिक्षा नियमावली, २०५९ को नियम ९६ (१ग) बमोजिमको सदस्य प्रयोजनका लागि विषयविज्ञहरु सूचीकृत गर्नुपर्ने भएकाले विषयविज्ञमा सूचिकृत हुन चाहने शिक्षकहरुले आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसार सम्बन्धित तह तथा विषयको विषयगत र वस्तुगत १/१ थान प्रश्नपत्र उत्तर कुञ्जिका तयार गरी तपसिल बमोजिमको प्रमाणपत्र सहित निवेदन दस्तुर रु. ३००/- बुझाएको रसिद सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयको शिक्षा युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

**प्राथमिक तहका लागि**

- निवेदन पत्र
- स्थायी नियुक्ति पत्र
- सम्बन्धित तहमा कम्तिमा ५ वर्षको अनुभव भएको
- शिक्षाशास्त्रमा स्नातक तह उत्तीर्ण
- नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु

**निम्न माध्यमिक तथा माध्यमिक तहका लागि**

- निवेदन पत्र
- सम्बन्धित तहको नियुक्ति पत्र
- सम्बन्धित तहमा कम्तिमा ५ वर्षको अनुभव प्राप्त गरेको
- निम्न माध्यमिक तह र माध्यमिक तहको लागि शिक्षाशास्त्रमा क्रमशः स्नातक र स्नातकोत्तर तह उत्तीर्ण
- नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु

**विश्वविद्यालय अन्तर्गतका क्याम्पसमा कम्तिमा ५ वर्ष सेवा सेवा अवधि पुरा गरेकोले पनि माध्यमिक तहका लागि विषयविज्ञको लागि निवेदन पेश गर्न सकिने छ ।**

........................
(धर्मराज न्यौपाने)
प्रमुख प्रशासकीय अधिकृत

२०८२।९।१

धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत